नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

## चमेनागृह सञ्चालनसम्बन्धी दरभाउपत्र प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२।०७।०१)

१. पाठ्यक्रम विकास केन्द्र परिसरभित्र केन्द्रका कर्मचारी तथा सेवाग्राहीहरूका लागि चमेनागृह (क्यान्टिन) सञ्चालन गर्न दरभाउपत्र प्रस्ताव आह्वान गरी यो सूचना प्रकाशन गरिएको छ।

२. दरभाउपत्र प्रस्ताव फाराम दस्तुर, खरिद गर्ने, पेस गर्ने अन्तिम मिति र खोल्ने मिति तथा स्थानः

| फाराम दस्तुर रु. (फिर्ता नहुने) | खरिद गर्ने अन्तिम मिति, समय र स्थान | पेस गर्ने अन्तिम मिति, समय र स्थान | खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|
| ३,०००।- (अक्षरेपि तीन हजार मात्र) | २०८२।०७।३० गते कार्यालय समयभित्र, पाठ्यक्रम विकास केन्द्र | २०८२।०८।०१ गते दिनको १२:०० बजे, पाठ्यक्रम विकास केन्द्र | २०८२।०८।०१ गते दिनको १३:०० बजे, पाठ्यक्रम विकास केन्द्र |

(फाराम दस्तुर नेपाल बैङ्क लिमिटेडको खाता नं. ००१०१०००००००१००१००१, राजश्व शीर्षक नं. १४२२९, कार्यालय कोड ३५००२३३०१, कार्यालयको नामः पाठ्यक्रम विकास केन्द्रमा जम्मा गर्नुपर्नेछ।)

३. दरभाउपत्र प्रस्ताव फाराम खरिद गर्ने, पेस गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

४. छनोट हुने प्रस्तावदाताले सम्झौता हुनु अघि केन्द्रबाट तोकिएबमोजिम रु. १,७५,०००।- (अक्षरेपि एक लाख पचहत्तर हजार रुपियाँ मात्र) कम्तिमा २५ महिना मान्य अवधि भएको बैंक जमानत वा यस कार्यालयको धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर पेस गर्नु पर्नेछ।

५. एक मात्र दरभाउपत्र प्रस्ताव पेस भई स्वीकृतिको लागि योग्य भएमा एक मात्र दरभाउपत्र प्रस्ताव परेको कारण दरभाउपत्र स्वीकृत गर्न बाधा पर्ने छैन।

६. कारण जनाई या नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

७. चमेनागृहबाट हुने कारोबार यकिन गर्न आवश्यक भएमा दरभाउपत्र फाराम खरिद/पेस गर्नुभन्दा पहिले यस केन्द्र परिसर निरीक्षण गर्नुहुन यस केन्द्र अनुरोध गर्दछ ।